## दोगडाकेदार गाउँपालिका

बैतडी, सुदूपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

## दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित

**खण्डः ५ संख्याः ३ सम्बत् २०७८ असार ११ गते**

## भाग-१

## दोगडाकेदार गाउँपालिका

## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७८

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दोगडाकेदार गाउँपालिकाको गाउँसभाले यो कार्यविधि स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

## दोगडाकेदार गाउँपालिका

# लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७८

गाउँसभाबाट स्वीकृत मिति : २०७८।०३।१०
परमाणिकरण मिति : २०७८।०३।११

**प्रस्तावना :** नेपालको संविधान,लैंगिक हिंसा निवारण कोष सञ्चालननियमावलि २०६७ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा (UN Committee on the Eliminaion of Discrimination Against Women) CEDAW को उद्देश्य, मर्म र भावना बमोजिम पीडितलाई तत्काल उद्धार राहत तथा पुर्नस्थापना गर्ने कार्यको लागि लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि बनाउन बाञ्छनिय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दोगडाकेदार गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१.संक्षिप्तनाम र प्रारम्भः**

(१)यस कार्यविधिकको नाम“लैंगिक हिंसा निवारण कोष (सञ्चालन)कार्यविधि,२०७८”रहेको छ ।

(२) यो कार्यविधिगाउँ कार्यपालिकाले पारित गरे पछि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)“नियमावली”भन्नाले लैंगिक हिंसा निवारण कोष(सञ्चालनदोस्रो संशोधन)नियमावली २०७७सम्झनु पर्दछ ।

(ख)“गाउँपालिका”भन्नाले दोगडाकेदार गाउँपालिका सम्झनु पर्दछ ।

(ग)“वडा कार्यालय”भन्नाले स्थानीयतहको वडा कार्यालय सम्झनु पर्दछ ।

(घ)“लैंगिक हिंसा”भन्नाले महिलावापुरुषवा तेस्रो लिंगीभएकै कारणले पेशा,अध्ययन,सामाजिककुरीतिजन्यव्यवहार,कार्यस्थल,परिवार तथा समाजमावाकुनै पनि ठाउँमा घृणा गर्न,कुटपिट गर्नु,यौनजन्य दुराचार, डरत्रास,धम्कीदिनु,पारिश्रमिकनदिनु वाकमदिनु अश्लिलशब्दबोल्नु,अश्लिलफोटो देखाउनु आदि सम्झनु पर्दछ ।

(ङ)“तत्काल राहततथापुर्नस्थापना समिति”भन्नाले दफा ५ को उपदफा २ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(च)“कार्यविधि”भन्नाले लैंगिक हिंसा निवारण कोष (सञ्चालन)कार्यविधि २०७८ सम्झनु पर्दछ ।

**३.कोषको स्थापना :**

(१)लैंगिक हिंसा निवारणका लागि एक कोष स्थापना गरिएको छ ।
(२) कोषमा देहाए बमोजिमका रकमहरु रहनेछन् ।
क.स्थानीय तहबाट विनियोजन भएको रकम
ख.संघीय तथाप्रदेश सरकारबाट प्राप्त रकम
ग.विदेशी सरकार अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम
घ.स्वदेशी संघ संस्थाहरुबाट प्राप्त रक
ङ.अन्यविविध स्रोतबाट प्राप्तहुनआएको रकम

**४.कोषको उपयोग :**
(१)कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउनउपयोग गरिनेछ ।
क.पीडितलाई तत्काल उद्धार तथापुर्नस्थापना गर्न ।
ख.पीडितलाई स्वास्थ्य उपचार र औषधीगर्न ।
ग.कानुनी सहायता गर्न ।
घ. मनोबैज्ञानिक उपचार तथामनोविमर्श प्रदान गर्न ।
ङ. जिल्ला भित्र तथा जिल्ला बाहिर थप सेवा, उपचार लिन जाँदा बाटो खर्च र यातायात खर्च प्रदान गर्न ।
च.राहतप्रदानगर्न,आर्थिक सहयोग तथा सीपमुलक तालिम प्राप्त पीडितलाई स्वारोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदान उपलब्ध गर्न।
छ.पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्यकाम गर्न ।
(२) कोषको रकमउपदफा (१) मा लेखिएबाहेकको अन्यकार्यमा उपयोग गर्न सकिने छैन ।
(३) उपदफा(२)मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुलखर्च रकमको १० प्रतिशत सम्मको रकम तत्काल राहत तथा पुर्नस्थापनासमितिको बैठक सञ्चालनमालाग्ने खर्चका लागि उपयोग गर्न सकिनेछ ।

**५.तत्काल राहततथापुर्नस्थापना समितिको गठन :**
(१)कोषको सञ्चालनतथाव्यवस्थापन गर्ने काम समेतको लागि एक समिति रहनेछ।
(२)समितिको गठन:
(क)गाउँपालिका उपाध्यक्षअध्यक्ष
(ख)पिडितसँग सम्बन्धित वडाका वडा अध्यक्ष १ जनासदस्य
(ग)प्रमुखप्रशासकिय अधिकृत सदस्य
(घ) लेखा शाखा प्रमुख सदस्य
(ङ)स्वास्थ्य शाखा प्रमुख सदस्य
(च)ईलाका प्रहरी प्रमुखसदस्य
(छ)लैंगिक हिंसा निवारणको क्षेत्रमाकार्यरत गै.स.स.मध्येबाट
सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जनासदस्य



दोगडाकेदार गाउँपालिका, बैतडी

(ज)सामाजिकविकास समिति संयोजक सदस्य
(झ)महिलातथाबालबालिकाशाखा प्रमुख सदस्य सचिब
(३) उपदफा (२) को छ बमोजिम सदस्यको पदावधी३ वर्षको हुनेछ ।
(४) संचालक समितिको सचिवालयदोगडाकेदार गाउँपालिकामा रहनेछ ।

**६.तत्काल राहततथापुर्नस्थापना समितिको कामकर्तव्य र अधिकार:**
(१)सञ्चालक समितिको कामकर्तव्य र अधिकार देहायबमोजिमहुनेछ ।
क.विभिन्नकिसिमको हिंसा पीडित तथाप्रभावितको तत्काल उद्धार गर्ने र स्वास्थ्योपचार गर्ने ।
ख.राहत समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन समन्वय गर्ने ।
ग.पालिकाभित्रघटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अध्यावधिक गर्ने ।
घ.पिडितलाई पुर्नस्थापना गराउने ।
ङ.लैंगिक हिंसा निवारणको क्षेत्रमाकाम गर्ने निकायतथा संस्थासँग समन्वय गर्ने ।
च.कोष वृद्धिको लागि स्रोत खोजी गर्ने ।
छ.पीडितलाई राहत,आर्थिक सहयोग तथा सीपमुलक तालिम प्राप्त पीडितलाई स्वारोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदान उपलब्ध गराउनसिफारिस गर्ने ।
ज.लैंगिक हिंसा निवारण सम्बन्धीअन्यकाम गर्ने गराउने ।
(२)आवश्यकताकाआधारमा एक जना पीडितलाई एक पटकमा रु. पन्ध्रहजारसम्म समितिको सिफारीसमा रकमउपलब्ध गराउन सकिनेछ ।

**७.तत्काल राहततथापुर्नस्थापना समितिको बैठक तथा निर्णय:**
(१)तत्काल राहततथापुर्नस्थापना समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।
(२)समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।
(३)तत्काल राहततथापुर्नस्थापना समितिको बैठक बस्नुभन्दा कम्तिमा २४घण्टा अगावै समितिको सदस्यसचिवले बैठकमा छलफल हुने विषय सहितको सुचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४)समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थितभएमा सो समितिको गणपुरक संख्यापुगेको मानिने छ।
(५)तत्काल राहततथापुर्नस्थापना समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिकाउपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६)तत्काल राहततथापुर्नस्थापना समितिको बैठकमा बहुमतको रायमान्य हुनेछ र मत बराबर भएमा बैठककोअध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७)तत्काल राहततथापुर्नस्थापना समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।
(८)तत्काल राहततथापुर्नस्थापना समितिको बैठकमा आवश्यकतानुसार कुनै विशिष्ठ व्यक्तिलाई बैठकमा आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ
(९)तत्काल राहततथापुर्नस्थापना समितिको बैठक सम्बन्धीकार्यविधि सो समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ ।



दोगडाकेदार गाउँपालिका, बैतडी

**८.निवेदन दिनुपर्नेः**

(१)यस कार्यविधिबमोजिम राहततथाआर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवालाव्यक्तिले राहततथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीयतहमानिवेदनदिनुपर्नेछ ।

(२) उपदफा (१)बमोजिमप्राप्तनिवेदन उपर जाँचबुझगर्दा पीडितलाई राहततथा आर्थिक सहयोग गर्नुपर्ने मनाविस आधार देखिएमागाउँपालिकाले दफा ६को उपदफा (२)को अधिनमा रही पीडितलाई रकमउपलब्ध गराउनेछ ।

(३)उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनिपीडितलाई तत्काल उद्धार, औषधीउपचार, पुर्नस्थापनावा राहततथा आर्थिक सहयोग प्रदान नगर्दा गम्भीरतथामानवीयक्षतिहुने देखिएमातत्काल राहततथापुर्नस्थापना समितिको अध्यक्षले सो प्रयोजनकालागि कोषबाट मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(४)उपदफा(३)बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकमउपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराई सकेपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**९.कोषको खाता सञ्चालनः**

(१) उक्त रकमदोगडाकेदारगाउँरपालिकाको नाममा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंकमा छुट्टै खाताखोलि कोषको खाता सञ्चालन गर्नुपर्नेछ ।

(२)उपदफा (१) बमोजिमको खाताको सञ्चालनप्रमुखप्रशासकियअधिकृत र लेखाप्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१०.रकमफ्रिजनहुनेः**प्रचलितकानुनमाजुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकमखर्च नभई आर्थिक वर्षको अन्त्यमाबाँकी रहेमा त्यस्तो रकमफ्रिजहुने छैन।

**११.कोषको लेखा र लेखापरीक्षणः**

(१)कोषको आयव्ययको लेखा स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२)कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१२.प्रतिबेदन पेश गर्नेः**समितिले आफुले गरेका कार्यको बार्षिक प्रतिवेदनआर्थिक वर्ष समाप्तभएको मितिले तीनमहिनाभित्रदोगडाकेदार गाउँपालिका गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१३.कार्यविधिको व्याख्यागर्ने वावाधा अड्काउफुकाउने अधिकारः** कार्यविधिको कार्यन्वयनको शिलसिलामाकुनै दुविधाहुनगएमा सोको व्याख्यावाबाधा अड्काउफुकाउने अधिकार दोगडाकेदारगाउँ कार्यपालिकालाई हुनेछ ।

**१४.खारेजी र बचाउ**ः यो कार्यविधि लैंगिक हिंसा सम्बन्धीप्रचलित नेपाल सरकारको कानुनसंग बाँझीएमाबाँझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्यहुनेछन् र नेपाल सरकारको कानुनमा लेखिएका कुराहरु मान्यहुनेछन् ।

**अनुसुचि**

**दफा७ संग सम्बन्धित**

**विषयः सहयोगउपलब्ध गराई पाउँ ।**

**श्री अध्यक्ष ज्यु**

**तत्काल राहततथापुर्नस्थापना समिति**

**दोगडाकेदार गाउँकार्यपालिकाको कार्यालय**

**देउलेक, बैतडी ।**

म.........................मा बस्ने वर्ष........को.................................मिति......................मा लैंगिक हिंसाबाट पिडित भएको छु।मेरो आर्थिक स्तर ज्यादै कमजोर भई अशक्तअवस्थामा रहेको हुनाले मलाई औषधिउपचार/कानुनी सहायताएवं परापर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुर्नस्थापना /अन्य...........................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकमउपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

**निवेदकको:**

**नाम, थर**.................

**ठेगाना** ....................

**दस्तखत**..................

**मिति .................**

आज्ञाले,

नाम :- रबिन्द्र बहादुर धामी

नि. प्रमुख प्रशासकीय अधिकृत

दोगडाकेदार गाउँपालिका, बैतडी